# देशको समष्टिगत आर्थिक तथा सामाजिक स्थिति बारे

# श्वेतपत्र

डा.बाबुराम भट्टराई
अर्थमन्त्री
नेपाल सरकार

अर्थ मन्त्रालय
असोज २, २०६५

# देशको समष्टिगत आर्थिक तथा सामाजिक स्थिति बारे श्वेतपत्र

## १. विषय प्रवेश

- अहिले नेपालमा जनताको व्यापक सहभागितामा निर्वाचित ऐतिहासिक संविधान सभाबाट राष्ट्रिय संयुक्त सरकारको गठन भएको छ । सामन्तवादको अवशेष राजतन्त्रको अन्त्य भई एउटा युगौं पुरानो सामन्ती व्यवस्था र संस्कारको निरन्तरताको क्रम भंग भएकोछ । नयाँ युगको शुरुवात र जनताको राज्यसत्ता स्थापना भएको यस सुखद उपलक्ष्यमा सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न सम्पूर्ण नेपाली दिदीवहिनी दाजुभाइहरुलाई वधाई एवं हार्दिक कृतज्ञता ज्ञापन गर्दछु र यसलाई सुदृढ पार्ने कार्यमा भविष्यमा समेत सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

- मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने महान लक्ष्य हासिल गर्न सामन्तवाद र राजतन्त्रका विरुद्ध लड्ने क्रममा आफ्नो अमूल्य जीवन आहूती गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात शहिदहरुको स्मरण गर्दै उहाँहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । साथै यसक्रममा बेपत्ता पारिएका परिवार प्रति सहानुभूति प्रकट गर्दै, घाइते अवस्थामा रहनुहुने सबैजनको सिघ्र स्वास्थ्य लाभको कामना पनि गर्दछु ।

- वर्तमान राष्ट्रिय संयुक्त सरकारको काँधमा जनताको चाहना अनुरुप देशको विद्यमान सामाजिक आर्थिक स्थितिलाई रोजगारी सहितको उच्च आर्थिक वृद्धिमा रुपान्तरण गर्ने जिम्मेवारी रहेको छ । साथै मुलुकमा उपलब्ध प्राकृतिक स्रोत साधन माथि प्रत्येक नेपालीको समान पहुँच पुग्ने तथा विकासको प्रतिफल प्राप्त गर्ने अधिकार सबैमा सुनिश्चित हुने अवस्थाको सृजना गर्ने दायित्व पनि यस सरकारमा रहेको छ । यो जिम्मेवारीलाई पूरा गर्ने क्रममा सरकारले अवलम्बन गर्ने आर्थिक नीति, आर्थिक वर्ष २०६५/६६ को पहिलो बजेट मार्फत ल्याइनेछ । यस सन्दर्भमा हामीले कस्तो आर्थिक स्थिति विरासतमा पाएका छौं भन्ने विश्लेषण हुन जरुरी छ । यस्तो विश्लेषणले हाम्रा साम् के कस्ता चुनौति छन् र तिनको समाधानका लागि कसरी अगाडि बढ्नु पर्छ भन्ने दिशा निर्देश गर्नुका साथै हाम्रा प्रयासको उपलब्धि लेखाजोखा गर्ने आधार पनि तयार हुने विश्वास लिएका छु । यस श्वेत पत्रमा देशको आर्थिक तथा सामाजिक क्षेत्रको वर्तमान स्थिति वारे संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ । साथै आर्थिक वृद्धि तथा विकासको लागि सरकारले अबलम्वन गर्नुपर्ने विकासको प्रारुप (model) पनि प्रस्तुत गरिएको छ ।

## २. अर्थतन्त्रको स्थिति

### (क) आर्थिक वृद्धिदर

- आर्थिक वृद्धिदरलाई राष्ट्रको समग्र विकासको सूचकको रुपमा लिने गरिन्छ, यद्यपि यसबाट गरिबी, बेरोजगारी र असमानता जस्ता कुराहरु प्रतिविम्वित हुन सक्दैनन् । एउटा आर्थिक धार अनुसार आर्थिक वृद्धिदर उच्च भएमा मात्रै सो वृद्धि पानीको थोपा झरे जस्तै तल झर्ने (trickle down) मत रहेको छ । यो ऐतिहसिक रुपमानै प्रमाणित भैसकेको कुरा हो कि उच्च आर्थिक वृद्धि विना मुलुकले आर्थिक विकासमा फड्को मार्न सक्दैन; तर आर्थिक वृद्धिबाट मात्रै सामाजिक न्याय स्वतः हुन्छ भन्ने अवधारणा भने असत्य सावित भइसकेको छ । यसका लागि राज्यको सक्रिय (pro-active) भूमिका अति आवश्यक हुन्छ । त्यसपछि मात्र समाजमा रहेको गरिबी तथा वेरोजगारी समस्या समाधान गर्न सकिन्छ । यसका लागि सामाजिक न्याय र रोजगारी प्रवर्द्धनका उपायहरु अवलंवन गर्नुपर्ने हुन्छ । नेपालमा विगतमा जे जति योजना तथा कार्यक्रमहरु संचालन भए ती सबै अर्धसामन्ती तथा अर्धऔपनिवेशिक सामाजिक तथा राजनैतिक संरचनाले गर्दा न त उत्पादननै वृद्धि हुन सक्यो न गरिबी र वेरोजगारीनै कम हुन सक्यो । विगत तीन दशकको अवधिमा आर्थिक वृद्धि वान्छित रुपमा हुन सकेको देखिदैन । आर्थिक वृद्धि दर औसत ३ देखि ४ प्रतिशतको बीचमा (गत आर्थिक वर्ष बाहेक) रहेको छ । वर्षै पिच्छे उतार चढाव हुने र कुनै कुनै वर्ष त ऋणात्मक भएको स्थिति पनि छ । आगामी वर्षहरुमा आर्थिक वृद्धिदरलाई क्रमशः बढाई २/३ वर्षमा दुई अंकमा पुऱ्याउने सरकारको लक्ष्य रहेको छ ।

**तालिका १ः कुल गार्हस्थ उत्पादन, कृषिक्षेत्र र गैर कृषिक्षेत्रको वृद्धिदर**

*(प्रतिशत)*

| गार्हस्थ उत्पादन | २०३२-३३ २०४०/४१ (२०३१/३२ को मूल्यमा) | २०४२/४३ २०५१/५२ (२०४०/४१ को मूल्यमा) | २०५२/५३ २०५७/५८ (२०५१/५२ को मूल्यमा) | २०५८/५९- २०६४/६५ (२०५७/५८ को मूल्यमा) |
|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादन | ३.१४ | ४.७९ | ४.८ | ३.३७ |
| कृषि | २.०१ | २.७६ | ३.६५ | ३.२४ |
| गैर कृषि | ६.३९ | ६.६५ | ५.४६ | ३.७६ |

*स्रोतः अर्थ मन्त्रालय आर्थिक सर्भेक्षण, २०५१/५२, २०६४/६५*

## (ख) बचत तथा लगानी दर

- आर्थिक वृद्धिको लागि लगानी वृद्धि हुनु पर्ने कुरा निर्विवाद छ । लगानीको मुख्य स्रोत आन्तरिक पुँजी र वाह्य पुँजी हो । देशको कुल गार्हस्थ्य वचत ११.० प्रतिशत भन्दा माथि जान सकेको छैन । कुल राष्ट्रिय वचत भने विदेशमा कार्यरत नेपालीहरुबाट आएको विप्रेषण र विदेशी सहयोगको फलस्वरुप ३२.० प्रतिशत पुग्न सकेको छ । तर लगानी दरबाट जे जति आर्थिक वृद्धि हुनुपर्ने हो भ्रष्टाचार तथा विभिन्न किसिमको चुहावट र निर्णय प्रकियामा ढीला सुस्तीले पुँजीको उत्पादकत्व ज्यादै कम भई उपलब्धिमूलक हुन सकेको छैन ।

## (ग) कृषि क्षेत्र

- नेपाली अर्थ व्यवस्थाको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको वृद्धि दर पनि ज्यादै न्यून रहेको विगतको तथ्याङ्कबाट प्रष्ट देखिन्छ । उत्पादन सम्बन्ध  अर्ध सामान्ती भएकाले सबैभन्दा बढी गरिबी, वेरोजगारी जस्ता समस्या ग्रामीण क्षेत्रमा केन्द्रित रहेको छ । समिष्टगत आर्थिक वृद्धि र अर्थतन्त्रका अन्य क्षेत्रमा समेत आर्थिक विकासका लागि उत्पादन सम्बन्ध, उत्पादक शक्ति र जनशक्तिको विकास आवश्यक हुन्छ । आर्थिक विकासका लागि प्रधान पक्ष उत्पादक शक्तिमा पनि जीवन्त र सक्रिय जनशक्ति हुन्छ भने दोस्रो उत्पादक शक्ति, प्रविधि पनि पदर्छ । त्यस्तो विकासले मात्र अर्धसामन्ती उत्पादन सम्बन्धलाई तोड्न सक्दछ । यही पृष्ठभूमिमा कृषि क्षेत्रलाई विश्लेषण गर्नुपर्दछ ।

- कृषि क्षेत्रको वृद्धि दर २ देखि ३ प्रतिशतको बीचमा रहेको र यो वृद्धिदर अधिकांश वर्षहरुमा जनसंख्या वृद्धि दर भन्दा पनि कम रहेको छ । वि.सं. २०२८-२०३८ को दशकमा जनसंख्या वृद्धिदर २.६२ प्रतिशत, वि.सं.२०३८-२०४८ को दशकमा २.०८ प्रतिशत र वि.सं. २०४८-२०५८ को दशकमा २.२५ प्रतिशत रहेको थियो । कृषि क्षेत्रमा परम्परागत उत्पादन सम्बन्ध र कृषि सामाग्रीहरु कृषियाम अनुसार ठीक ठीक समयमा आवश्यक परिमाणमा कृषकहरुलाई उपलब्ध नहुने, तिनको गुणस्तर कम हुने तथा सिंचाईको न्यून विस्तार आदि कारणहरुले गर्दा कृषि उत्पादनमा खासै वृद्धि हुन सकेको छैन । खाद्यान्न उत्पादनमा प्रमुख स्थान ओगेटेको धानको उत्पादन २० वर्षको अवधिमा केवल ४३ प्रतिशतले बढेको छ, अर्थात प्रतिवर्ष औषत २.१५ प्रतिशतले बढेको देखिन्छ । त्यस्तै स्थिति मकै, गहुँ, कोदोको रहेको छ । खाद्यान्नको उत्पादन आन्तरिक आवश्यकता भन्दा पनि ज्यादै कम भएकाले नेपाल खाद्यान्न निर्यात गर्ने राष्ट्रबाट आयात गर्ने राष्ट्रमा परिणत भएको छ ।

- पशुपालन कृषिको अभिन्न अङ्ग मानिएता पनि पशुपालन विकास तथा प्रवर्द्धनको लागि व्यवहारिक र प्रभावकारी योजना नल्याइएको र जे जस्ता कार्यक्रम ल्याइए तिनको पनि प्रभावकारी कार्यान्वयन नगरिएकाले पशुजन्य पदार्थको उत्पादनमा खासै वृद्धि हुन सकेको छैन । यसअर्थ नेपालमा पशुजन्य पदार्थ जस्तै दुध, मासु, अण्डाको प्रति व्यक्ति उपभोग छिमेकी र अन्य राष्ट्रको तुलनामा ज्यादै कम रहन गएको छ ।

(घ) **गैर कृषि क्षेत्र**

- गैर कृषि क्षेत्रको विकासबाटनै देशले उपभोग्य औद्योगिक वस्तु र सेवा परिपूर्तिको लागि आयातमाथिको निर्भरताबाट मुक्ति पाउन सक्दछ र स्वनिर्भर आर्थिक विकास तर्फ अगाडि बढ्न सक्छ । गैर कृषि क्षेत्रको वृद्धिदर विगतमा ६ प्रतिशतको हाराहारीमा रहेकोमा आर्थिक वर्ष २०५८/५९- २०६४/६५ को अवधिमा करिब ४ प्रतिशतमा झरेको स्थिति छ । विगतका दशकहरुमा भए गरेका प्रयासहरुबाट देशमा स्वाधीन र स्वनिर्भर अर्थतन्त्रको विकासको लागि खासै टेवा पुगेको देखिदैन । देशको कुनै पनि औद्योगिक उत्पादनले मुलुको आवश्यकता पुर्ति गर्न सकेको छैन र ती वस्तुको आपूर्तिको लागि आयातमै निर्भर रहनु पर्ने स्थिति छ। औद्योगिक उत्पादनको वृद्धि ज्यादै न्यून रहेको छ र गति लिन नसकेको स्थिति छ। आर्थिक वर्ष२०६३/६४ मा औद्योगिक उत्पादन नगण्य रुपमा २.६ प्रतिशतले मात्र बढेको थियो भने आर्थिक वर्ष २०६४/६५ मा अधिकांश औद्योगिक वस्तुहरुको उत्पादनमा ह्रास आएकाले औद्योगिक उत्पादन १.४ प्रतिशतले घट्न गएको छ ।

- पश्चिमी मुलुकहरु जस्तै ब्रिटेनमा कृषि क्रान्तिमा आद्यौगिक क्रान्ति अडेको थियो । तर नेपालमा कृषिको आधारमा उद्योग स्थापना नभई अधिकांश आयातित सामानलाई जडान मात्र गर्ने उद्योगहरु खडा गरिए । पश्चिमी मुलुकहरुको अर्थतन्त्रलाई नक्कल गर्दै आफ्नो मुलुकको वास्तविकतालाई बिर्सेर विदेशबाट आयातित अर्ध प्रशोधित वा कच्चा पदार्थमा आधारित जडान तथा प्रशोधन उद्योगहरुलाई बढावा दिइयो । जे जति सिमित औद्योगिक उत्पादन भयो सो पनि पुँजीगत र आधारभूत उद्योग वस्तुमा हुनुको सट्टा विलासिता र अनावश्यक पदार्थहरु जस्तै वियर, रक्सी, चुरोट, हल्का पेय पदार्थमा केन्द्रित रहन गयो। देशको ग्रामीण परिवेशलाई उपयुक्त हुने घरेलु तथा साना उद्योगको प्रवर्द्धन तथा विकास गर्ने तर्फ ध्यान नदिएकाले स्वदेशी स्रोत, शीप र श्रममा आधारित यस्ता उद्योगहरु कृत्रिम उद्योगको उपज र विदेशबाट आयातित वस्तु सँग प्रतिस्पर्धा गर्न नसकी ध्वस्त हुँदै गए। देशको औद्योगिक र वाणिज्य नीति स्वाधिन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने तर्फ उन्मुख नभएकोले न त आयात प्रतिस्थापन उद्योगको विकासनै हुन सक्यो न निर्यातको आधारभूत जगनै बन्न सक्यो ।

(ङ) **बाह्य क्षेत्र**

- सन् १९८० को दशकमा शुरु गरिएको उदारीकरण, निजीकरण र पछिका दशकमा देखा परेको विश्वव्यापीकरणलाई मुलुक सापेक्ष नपारी जस्ताको तस्तै अर्थतन्त्रमा लागु गरेकाले र देश भित्रको स्वदेशी अथाह प्राकृतिक श्रोत र सम्पदाको विकास गरी निर्यातका लागि वस्तुगत आधार (product base) तयार परिएन। यसले गर्दा बाह्य क्षेत्र तर्फ निर्यात घटने प्रवृत्ति तर आयात भने बढ्ने प्रवृत्तिले गर्दा व्यापार घाटा बिकराल हुँदै गएको छ। आर्थिक वर्ष २०६४/६५ मा १६५ अर्बको व्यापार घाटा थियो, जुन त्यस पूर्व वर्षको तुलनामा २२.२ प्रतिशतले बढेको देखिन्छ । विगतका वर्षहरुमा निर्यातको वृद्धिदर ज्यादै न्यून वा ऋणात्मक हुने प्रवृत्ति तर आयात भने उच्च हुने प्रवृत्तिले गर्दा व्यापार घाटा वर्षै पिच्छे बढ्दै गैरहेको छ । आर्थिक वर्ष २०६४/६५ मा निर्यात २.४ प्रतिशतले मात्र बढेको थियो भने आयात १६.१ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष

२०६३/६४ मा निर्यात १.४ प्रतिशतले ह्रास भएको थियो तर आयात भने १२ प्रतिशतले बढेको थियो । कुल गार्हस्थ उत्पादनको तुलनामा व्यापार घाटा आर्थिक वर्ष२०३५/३६-२०४५/४६ मा औसत १२.२ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष२०४६/४७-२०५६/५७ मा बढेर १७.७ प्रतिशत पुगेको थियो । पछिल्लो ९ वर्षमा यो प्रतिशत १६ रहेको छ ।

नेपालको निर्यातमा महत्वपूर्ण स्थान ओगटेको उनी गलैंचाको निर्यात विगत ४ वर्ष देखि घट्दै गैरहेको छ र घट्ने क्रम बढ्दो छ । त्यस्तै तयारी पोशाकको निर्यातका लागि अमेरिकाले कोटा नीतिमा परिर्वतन गरेपछि निर्यात घट्दै गइरहेको छ । यसरी नै जडिबुटी, चिया, छालाको निर्यात पनि घट्ने क्रममा छ ।

**तालिका २ : केही प्रमुख वस्तुहरुको निर्यात स्थिति**

| निर्यात वस्तुहरु | वर्ष *(रु करोडमा)* | | | परिवर्तन (%) | | |
|---|---|---|---|---|---|---|
| | २०६२/६३ | २०६३/६४ | २०६४/६५ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ |
| **कुल निर्यात** | **६०२३.४१** | **५९३८.३१** | **६०७८.७५** | **२.६** | **-१.४** | **२.४** |
| **कुल आयात** | **१७३७८.०३** | **१९४६९.४६** | **२२६११.६०** | **१६.३** | **१२.०** | **१६.१** |
| हस्तकलाका सामान | ४३.०९ | २५.०२ | १७.८२ | -३३.१ | -४१.९ | -२८.८ |
| पसमिना | १५७.७८ | ९३.१ | ६४.३४ | ५०.३ | -४१.० | -३०.९ |
| तयारी पोशाक | ६२०.४१ | ५२१.२९ | ४७४.६२ | १.३ | -१६.० | -९.० |
| चाँदीका सरसामान | २८.२४ | ३२.५४ | २६.९४ | -२२.२ | १५.२ | -१७.२ |
| छाला | ३१.०४ | २७.९१ | २४.८४ | ३१.६ | -१०.१ | -११.० |
| चिया | १०.७६ | १२.२५ | ५.५८ | ०.८ | १३.८ | -५४.४ |
| उनी गलैंचा | ५८३.८७ | ५६०.०२ | ५०४.६८ | ०.५ | -४.१ | -९.९ |

स्रोत : नेपाल राष्ट्र बैंक, वर्तमान आर्थिक स्थिति २०६४/६५

- निर्यातका महत्वपूर्ण स्थान ओगटेका गलैंचा र तयारी पोशाक जस्ता वस्तुहरुको उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ कपास र उन स्वदेशमै उत्पादन गर्न सकिने प्रचुर संभावना भए पनि प्रतिबद्धता र ठोस कार्यक्रम नहुँदा केही ठाउँमा स्थापना गरिएका भेडापालन फार्म र कपास खेतीको लागि गरिएको संस्थागत व्यवस्था पनि भताभुङ्ग पारियो । यी वस्तुहरुको वैकल्पिक बजारको खोजी गर्ने कार्य बारम्बार भनिएता पनि उपलब्धि भने शुन्य नै रहयो । एकातर्फ यी वस्तुहरुको बाह्य बजार वडो अनिश्चित रहयो भने अर्को तर्फ देशमा प्रचुर संभावना रहेका निर्यातमूलक कृषिजन्य

वस्तुहरु र जडिबुटीको विकास तर्फ खासै ध्यान नपुगेको कारणले गर्दा निर्यात खस्कदै गई कमजोर स्थितिमा पुग्न गयो ।

- नेपालको वैदेशिक व्यापार ४/५ दशक अगाडि भारत सँग अत्यधिक निर्भर रहने गरेकोमा वि.सं. २०२० र २०३० को दशकमा अवलम्बन गरिएका व्यापार विविधिकरणका उपायहरुबाट त्यसपछिका वर्षहरुमा सो निर्भरता घट्दै गएको थियो । तर व्यापार विविधिकरणका उपायहरु विसँगतीपूर्ण र दीगो आधार बनाउने तर्फ केन्द्रित नभएकाले विगत केही वर्षदेखि पुरानै स्थिति दोहोरिएको छ । भारत सँगको व्यापार निर्भरता कम गर्न दीगो संरचनात्मक आधार तयार हुनुको सट्टा भारतसँग हुने व्यापार तेस्रो देश तर्फ स्थानान्तरण गर्ने काम मात्र भयो । विगत ५ वर्षको विदेशी व्यापार संरचना केलाउदा कुल आयात र निर्यातमा भारत सँगको अंश ६४ प्रतिशत रहेको अवस्था छ ।

- व्यापार घाटा बढदै गए पनि मुलुक भित्रको युवा पुस्तालाई देशभित्रै रोजगारीको अवसरको अभावले गर्दा वैदेशिक रोजगारमा जान वाध्य भएका कारणवाट प्राप्त विप्रेषण आय (remittance) र ज्यादै सीमीत मात्रामा भएको पर्यटन क्षेत्रको विकासवाट प्राप्त आयमा भएको वृद्धिका कारण चालु खातामा बचत भई शोधनान्तर स्थिति बचत हुने गरेको छ । यस्तो बचत आर्थिक वर्ष २०६४/६५ मा २९ अर्ब ६६ करोड रहेको थियो । बैकिङ्ग क्षेत्र सँग रहेको कुल विदेशी विनिमय संचिति २०६५ असार मसान्तमा अमेरिकी डलर ३ अर्ब १० करोड रहेको छ । यसबाट ११.३ महिनाको वस्तु आयात धान्न सकिने स्थिति छ ।

**(च) मौद्रिक क्षेत्र तथा मूल्य स्थिति**

- आर्थिक वर्ष२०६३/६४ मा विस्तारित मुद्रा प्रदाय १४ प्रतिशतले विस्तार भएकोमा गत वर्ष २५.२ प्रतिशतले विस्तार भएको छ । गत वर्ष खुद वैदेशिक सम्पत्ति र कुल आन्तरिक कर्जामा विस्तार भएकोले मौद्रिक वृद्धि दर उच्च रहन गएको हो । मौद्रिक वृद्धि दर उच्च रहने तर उत्पादन भने सोही अनुरुप वृद्धि गर्ने तर्फ ठोस कार्यक्रम संचालन नभएकाले गत वर्ष ७.७ प्रतिशतले मूल्य वृद्धि भएको थियो, जवकि लक्ष्य भने ६.६ प्रतिशत थियो । मौद्रिक क्षेत्रलाई देशमा आर्थिक, स्थायित्व कायम राख्ने किसिमले परिचालन गर्नु एक प्रमुख चुनौति रहेको छ ।

**(छ) सरकारी वित्त स्थिति**

- सरकारी वित्त स्थिति विश्लेषण गर्दा आर्थिक वर्ष २०६४/६५ मा कुल खर्च रु.१६३ अर्ब ३१ करोड र कुल राजस्व रु. १०७ अर्ब ५५ करोड भई वित्तीय घाटा रु.५५ अर्ब ७६ करोड रहेको थियो । यो घाटा पूर्ति गर्न वैदेशिक ऋण रु.११ अर्ब ३३ करोड र आन्तरिक कर्जा रु.२०.५० अर्ब लिइएको थियो । आर्थिक वर्ष २०६३/६४ को तुलनामा गत वर्ष कुल खर्च २१.३ प्रतिशतले बढेको थियो । चालु तथा पुँजीगत खर्च क्रमश १९.५ प्रतिशत र ३७.१ प्रतिशतले बढेको थियो ।

- सरकारको आम्दानी र खर्चको प्रवृत्ति केलाएर हेर्दा खर्च ठूलो मात्रामा बढ्दै गएको तर राजश्व भने तुलनात्मक रुपमा बढ्न नसकेको स्थिति छ । यसले गर्दा वर्षै पिच्छे बजेट घाटा बढ्दै गएको छ । खर्च तर्फ पछिल्ला वर्षहरुमा पुँजीगत खर्चको वृद्धिदर चालु खर्चको भन्दा कम हुँदै गएको स्थिति छ । आर्थिक वर्ष २०४१/४२ देखि २०४५/४६ को अवधिमा चालु खर्च र पुँजीगत खर्च दुवै लगभग उस्तै दर (क्रमश १९.७ प्रतिशत र १९.४ प्रतिशत) मा बढेकोमा आर्थिक वर्ष २०५८/५९ र २०६२/६३ को अवधिमा चालु खर्च ७.९ प्रतिशतले र पुँजीगत खर्च १.७ प्रतिशतले मात्र बढेको देखिन्छ ।

- कुल खर्चमा चालु र पुँजीगत खर्चको अंश केलाएर हेर्दा विगतमा (आर्थिक वर्ष २०४१/४२- २०४५/४६) पुँजीगत खर्च चालु खर्चको दोब्बर भन्दा केही बढी हुने गरेकोमा पछिल्ला वर्ष ( आर्थिक वर्ष २०५८/५९-२०६२/६३) मा ठीक उल्टो स्थिति ( पुँजीगत खर्चको अंश २७.२ प्रतिशत र चालु खर्चको अंश ६१ प्रतिशत) रहेको छ । २०६२/६३ को जनआन्दोलन पछिका वर्षहरुमा समेत पुँजीगत खर्चको अंश अगाडिका वर्षहरुका जस्तै रहेको छ ।

**तालिका ३ : कुल खर्च, चालु खर्च र पुँजीगत खर्चको वृद्धिदर र अंश**

(प्रतिशत)

| खर्च/किसिम | (२०४१/४२-२०४५/४६) | | (२०५८/५९-२०६२/६३) | | २०६३/६४ | | २०६४/६५ | |
|---|---|---|---|---|---|---|---|---|
| | वृद्धिदर | अंश | वृद्धिदर | अंश | वृद्धिदर | अंश | वृद्धिदर | अंश |
| कुल खर्च | १९.४ | - | ६.९ | - | २८.२ | - | २८.३ | - |
| चालु | १९.७ | ३१.० | ७.९ | ६१.१ | २२.२ | ६१.० | २२.२ | ५५.८ |
| पूँजीगत | १९.४ | ६६.१ | १.५ | २७.३ | ५१.१ | २७.५ | ५१.९ | ३५.० |

स्रोत : अर्थ मन्त्रालय बजेट वक्तव्य, विभिन्न वर्ष

- कुल गार्हस्थ उत्पादनको अनुपातमा हेर्दा आर्थिक वर्ष २०६४/६५ मा कुल खर्च १९.९ प्रतिशत, चालु खर्च ११.२ प्रतिशत र पुँजीगत खर्च ६.७ प्रतिशत रहेको छ । यसरी हेर्दा २०४६ साल अघिको भन्दा आर्थिक वर्ष २०५८/५९ सालका बजेटहरुमा पुँजीगत खर्चको अंश कुल खर्चको एक तिहाई भन्दा कम हुने गरेकाले अपेक्षित आर्थिक वृद्धि हुन नसकेको देखिन्छ । यस्तो प्रवृत्तिलाई उल्टाउदै अवका वर्षहरुमा पुँजीगत खर्चको अंश बढाउदै लैजानु पर्ने चुनौति हाम्रो सामु टड्कारो छ ।

## (ज) राजश्व परिचालन

- खर्चको तुलनामा राजश्व वृद्धि धेरै कम रहेको छ । कुल गार्हस्थ उत्पादनको अनुपातमा आर्थिक वर्ष २०४१/४२- २०४५/४६ मा राजश्वको अंश ८.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५८/५९- २०६२/६३ को अवधिमा ११.४ प्रतिशत र आर्थिक वर्ष २०६३/६४ मा १२.२ प्रतिशत रहेको छ । करको संरचनामा अप्रत्यक्ष करको अंश ज्यादै ठूलो रहेको छ । कूल गार्हस्थ उत्पादनमा प्रत्यक्ष करको अनुपात अप्रत्यक्ष करको तुलनामा एक तिहाई मात्र रहेको छ । फितलो राजश्व प्रशासन, करको साघुँरो दायरा, हचुवा रुपमा दररेट कायम गर्ने प्रवृत्ति र मुलुक सापेक्ष कर प्रणालीको विकास हुन नसकेका जस्ता विगतका तथ्यहरुबाट पाठ सिक्दै अव्यावहारिक कर प्रणालीलाई सकारात्मक दिशा तर्फ अभिमुखिकरण गर्दै लैजानु पर्ने भएको छ । अपेक्षित रुपमा राजश्व वृद्धि हुन नसकेकाले विदेशी सहयोग माथिको निर्भरता बढ्न गएको स्थिति छ ।

**तालिका ४ : राजश्व तथा कर**

*(प्रतिशत)*

| कुल राजश्व तथा कर/कुल गार्हस्थ उत्पादन | (२०४१/४२-२०४५/४६) | (२०५८/५९-२०६२/६३) | २०६३/६४ |
|---|---|---|---|
| राजश्व | ८.९ | ११.४ | १२.२ |
| प्रत्यक्ष कर | १.२ | २.२ | २.६ |
| अप्रत्यक्ष कर | ५.७ | ६.७ | ७.३ |
| गैर कर | १.९ | २.६ | २.३ |

स्रोत : अर्थ मन्त्रालयको, बजेट वक्तव्य, विभिन्न वर्ष

## (झ) वैदेशिक निर्भरता र ऋण भार

- विगतमा आन्तरिक स्रोतको अधिकतम परिचालन गर्ने प्रयास गर्नु भन्दा विदेशी सहयोगमा निर्भर रहने प्रवृत्तिका कारण अर्थतन्त्रको विकासको लागि आवश्यक पर्ने पुंजीको लागि बाह्य निर्भरता बढ्दै गएको छ । कुल गार्हस्थ उत्पादनको तुलनामा विदेशी सहयोगको अशं घट्दै जाने प्रवृत्ति नभै उतार चढाव हुने कारणले गर्दा अझै पनि सहायताको अंश करीब ४ प्रतिशतको हाराहारीमा रहेको छ । विदेशी सहयोगमा पनि विगतमा अनुदानको अंश केही समय अघि सम्म अत्यधिक रहने गरेकोमा पछिल्लो दुई दशक देखि ऋणको अंश बढ्दै गएको छ । विदेशी ऋण भार बढ्दै गएको तथ्य वार्षिक प्राप्त ऋण र कुल निर्यातमा ऋण भुक्तानीको अंश बढ्दै गएकोबाट स्पष्ट हुन्छ । खुद तिर्न बाँकी ऋण कुल गाहर्स्थ उत्पादनको अनुपातमा विश्लेषण गर्दा आर्थिक वर्ष २०४६/४७ -२०५५/५६ को अवधिमा ५१ प्रतिशत पुगेकोमा आर्थिक वर्ष २०५६/५७ -२०६३/६४ मा ४४ प्रतिशत रहेको छ ।

**तालिका ५: वैदेशिक निर्भरता र ऋण भार**

(प्रतिशत)

| | २०३१/३२-२०३५/३६ | २०३६/३७ -२०४५/४६ | २०४६/४७ -२०५५/५६ | २०५६/५७ -२०६३/६४ |
|---|---|---|---|---|
| विदेशी सहयोग/ कुल गाहर्स्थ उत्पादन प्रतिशत | ३.४ | ६.१ | ६.३ | ३.७ |
| विदेशी सहयोगमा अनुदानको अंश | ६६.१ | ४२.१ | २८.८ | ५३.८ |
| ऋणको अंश | ३३.९ | ५७.९ | ७१.२ | ४६.२ |
| भुक्तानी/वार्षिक ऋण प्रतिशत | ८.६४ | ११.९९ | ३०.१७ | ८०.९२ |
| भुक्तानी निर्यात प्रतिशत | १.५३ | ७.५६ | १३.८३ | १३.७९ |
| खूद तिर्न बाँकी ऋण/कुल गाहर्स्थ उत्पादन प्रतिशत | ३.८७ | १७.५४ | ५०.६५ | ४३.४८ |

स्रोत : आर्थिक सर्भेक्षण, विभिन्न वर्ष, अर्थ मन्त्रालय

- आगामी वर्षहरुमा विदेशी सहायता बजेट घाटा पूर्तिगर्ने माध्यमको रुपमा मात्र नलिई उत्पादनशील कार्यमा लगाई विदेशी सहायता माथिको निर्भरतालाई क्रमश: कम गर्दै लैजानु चुनौतिको रुपमा रहेको छ ।

## (ञ) वैदेशिक लगानी

- नेपालमा वैदेशिक लगानी प्रवाह ज्यादैनै न्यून रहेको छ । विदेशी संयुक्त लगानीको लागि वर्षै पिच्छे विभिन्न परियोजनाहरुलाई उद्योग विभागले स्वीकृति दिने गरेता पनि ती लगानीको प्रगति समिक्षा हुने गरेको देखिदैन । विदेशी संयुक्त लगानी प्रवर्द्धनका लागि गरिएका नीतिगत प्रावधान तथा व्यवस्था पनि प्रभावकारी हुन सकेको देखिदैन । आर्थिक वर्ष २०६४/६५ मा उद्योग विभागले रु. ९ अर्ब ८१ करोड वैदेशिक लगानी प्रतिबद्धता भएका २१२ वटा विदेशी संयुक्त लगानीका परियोजनाहरु स्थापनाका लागि स्वीकृति दिएको थियो । त्यस्तै गैर आवसीय नेपालीले १० करोड अमेरिकी डलर बराबरको लगानी कोष खडा गर्ने प्रतिबद्धता जाहेर गरे पनि आवश्यक कानूनी पूर्वाधारको अभावले गर्दा सो कार्य अगाडि बढ्न सकेको छैन ।

## (ट) गरिबी र असमानता

- विगत केही वर्ष अघिदेखि भौगोलिक असन्तुलन कम हुने र गरिबी निवारण कम गर्ने प्रयास भएता पनि यसबाट खासै उपलब्धि भएको देखिदैन । देशमा गरिबीको स्थिति बारे विभिन्न श्रोतबाट विभिन्न तथ्याङ्क आउने गरेको हुँदा एकिन भन्न नसकेता पनि गरिबी र असमानता चुलिदै गएको तथ्य असमानता मापन गर्ने Gini Coefficient आर्थिक वर्ष २०५२/५३ मा ०.३४ भएकोमा आर्थिक वर्ष २०६०/६१ मा बढेर ०.४१ पुगेकोबाट स्पष्ट हुन्छ । गरिबीका स्रोतहरु स्पष्ट पहिचान गरी निरपेक्ष गरिबी निवारण गर्ने र सापेक्ष गरिबीलाई न्यूनिकरण गर्दै लैजानु पनि हाम्रो सामु आएको प्रमुख चुनौति हो ।

## ३. सामाजिक क्षेत्र

### (क) शिक्षा

- नेपालमा शिक्षा क्षेत्रको समग्र स्थितिमा एकदमै सुस्त प्रगतिको देखिएको छ । नेपालमा कुल साक्षरता ५४.१ प्रतिशत मध्ये छ भने पुरुष साक्षरता ६५.५ प्रतिशत र महिला साक्षरता ४२.८ प्रतिशत रहेको छ । शिक्षा क्षेत्रमा कार्यक्रमहरु धेरै आए पनि कार्यान्वयन पक्ष कमजोर देखिएको छ । क्षेत्रगत रुपमा पनि शैक्षिक स्थिति असमान रहेको छ । प्राथमिक शिक्षामा स्कूल छाड्ने प्रवृत्ति बढी देखिएको छ भने पढ्नेहरुको पनि उच्च शिक्षाको गति मन्द छ । एक कक्षामा १०० जना भर्ना हुने गरेकोमा एस.एल.सी दिने जम्मा २२ जना मात्र रहेका छन् र उत्तीर्ण गर्ने त ६ जना मात्र रहेको स्थिति छ । उच्च शिक्षामा बहु विश्व विद्यालयको अवधारणा अनुरुप देशमा ६ वटा विश्व विद्यालय रहेपनि त्रिभुवन विश्व विद्यालयले मात्र उच्च शिक्षाको ९० प्रतिशत भार बहन गर्न बाध्य छ । देशको शैक्षिक अवस्था अन्योलपूर्ण हुनपुगेको कारण वर्षै पिच्छे ठूलो संख्यामा विद्यार्थीहरु उच्च शिक्षाका लागि विदेशीन पुगेका छन् ।  यो बिसंगतिलाई उल्ट्याउदै मुलुकको विकासको लागि शिक्षा क्षेत्रलाई सही मार्गमा डोऱ्याउनु आजको आवश्यकता रहेकोछ ।

### (ख) स्वास्थ्य

- विकसित देशहरुको तुलनामा नेपालीहरुको स्वास्थ्य स्थिति सन्तोषजनक छैन । यहाँ कोरा जन्मदर २९.२ प्रति हजार छ भने कोरा मृत्युदर ८.५ प्रति हजार देखिन्छ । शिशु मृत्युदर प्रतिहजारमा ४८ रहेको छ भने बाल मृत्युदर प्रतिहजारमा ६१ रहेको छ । आयुको हिसाबले पनि नेपालीहरुको औसत आयु त्यति सुखद छैन । नेपालीहरुको औसत आयु ६३.७ वर्ष रहेको छ भने पुरुषको ६३.३ र महिलाको औसत आयु ६४.१ वर्ष रहेको छ । देशमा स्वास्थ्य सेवाको स्थिति दिनदिनै खर्चिलो बन्दै गएको छ र नेपालीहरु अस्पताल र औषधिको अभावमा अल्पायुमा नै मृत्युवरण गर्न बाध्य भएका छन् ।

### (ग) रोजगारी

- नेपालमा बेरोजगारी एउटा गम्भीर समस्याको रुपमा रहेको छ । देशका १५ लाख युवा बेरोजगार भएको तथ्याङ्क देखिन्छ भने वर्षेनी ३ लाख युवाहरु श्रम बजारमा प्रवेश गरीरहेको पाइन्छ । देशमा रोजगारीको स्थिति राम्रो नभएकाले धेरै ठूलो जनशक्ति विदेशीन वाध्य भएको छ । **प्रतिभाहरु यूरोप र अमेरिका, पाखुराहरु खाडी र मलेसिया** तिर ताँती लागेकाले देशमा जागरिला श्रम शक्तिको अभाव देखिएको छ । तथ्याङ्क अनुसार आठ लाख युवाहरु श्रम गर्न विदेशीएका छन् भनिएता पनि यो संख्या २२ लाख अनुमान गरिएको छ । १५ वर्ष माथिका श्रम शक्ति मध्ये ७४.३ प्रतिशत रोजगारी पाएका भनिए पनि तिनीहरुको उत्पादकत्व उपलब्धिमुलक देखिएको छैन । नेपालमा युवाहरुलाई ठिक सँग समायोजन गर्न सकिएन भने देशको आर्थिक विकासमा यसले दीर्घकालिन असर पार्न सक्ने देखिन्छ ।

### (घ) काठमाडौं उपत्यकाको खानेपानी, फोहरमैला र ट्राफिक जाम

- मेलम्ची खानेपानी आयोजनाको नाम आएपछि काठमाडौं उपत्यकाको खानेपानी व्यवस्थापनलाई ध्यान दिन छोडियो । तर जनसंख्या विस्तार भने अत्याधिक भइरह्यो । फलस्वरुप उपत्यकावासी वर्षौदेखि खानेपानी अभावको स्थितिमा रहन वाध्य रहेका छन् । त्यसैगरी फोहरमैला व्यवस्थापन र ट्राफिक जामको समस्या पनि टड्कारो रुपमा रहेको छ ।

## ४. पूर्वाधारको स्थिति

### (क) विद्युत आपूर्ति

- औसत बहावको आधारमा सैद्धान्तिकरुपले नेपालमा ८३ हजार मेगावाट जल विद्युत उत्पादन गर्न सकिने भनिएता पनि आर्थिक एंव प्राविधिक रुपले ४३ हजार मेगावाट जति उत्पादन गर्न सकिने संभावना रहेको छ । विगत ५ दशकको अवधिमा गरिएको प्रयासवाट हालसम्म केवल ५६० मेगावाट (१.३%) विद्युत उत्पादन हुन सकेको अवस्था छ ।

- नेपाल जलस्रोतको धनी राष्ट्र भएर पनि विद्युत उत्पादन माँगको तुलनामा एकदम न्यून रहदै आएको छ । सन् २००७ को तथ्याङ्क अनुसार कुल उत्पादित विद्युत उर्जा ३ अर्बयुनिट (३०५२ गिगावाट घन्टा) र कुल बिक्री उर्जा २.२ अर्बयुनिट (२२०७ गिगावाट घन्टा) रहेको छ । उत्पादित उर्जा मध्ये २८ प्रतिशत चुहावट हुने गरेको छ । यसले पनि विद्युत आपूर्तिलाई नकारात्मक प्रभाव पारेको स्पष्ट हुन्छ । माँगको तुलनामा वर्षायाममा ३ प्रतिशत आपूर्ति न्यून हुने गर्दछ भने हिउँद याममा ४६ प्रतिशत न्यून हुने गर्दछ । यसको मार जनता र उद्योग धन्दाहरुले लोड सेडिङको रुपमा निरन्तर रुपमा खेप्दै आउनु परेको छ । देशको करीब ६० प्रतिशत गा.वि.स.मा विद्युत पुगेको र बाँकी ४० प्रतिशत गा.वि.स.मा अझै विद्युत नपुगेको स्थिति छ । विद्युत उपभोग गर्ने हालको गार्हस्थ संख्या १३,३९,२५६ रहेको छ । जुन कुल परिवार संख्याको ३२ प्रतिशत मात्र हुन आउँछ । विगतमा विद्युत विकासको स्पष्ट नीति र कार्यक्रम नभएको र राष्ट्रिय हित अनुकुल हुने गरी जलस्रोत सम्बन्धी संन्धी/संझौता नगरिएकाले नेपालले न्यायोचित लाभलिन नसकेको स्थिति छ ।

### (ख) सिंचाइ

- नेपालमा खेती गर्न सकिने कुल जमीन करीव २६ लाख हेक्टर मध्ये सिंचाई गर्न सकिने जमीन १७.६६ लाख हेक्टर रहेकोछ । तर हालसम्म करीव एक चौथाईमा जमीनमा मात्र बर्षै भरी सिंचाइ सुविधा पुगेको देखिन्छ । विगतमा ठूलो धनरासी सिंचाई विकासमा लगाएता पनि अत्यधिक चुहावट र प्रभावकारी व्यवस्थापनको कमीले गर्दा अझै पनि देशको झण्डै तीन चौथाई कृषि योग्य जमीनमा बर्षैभरि सिंचाइ सुविधा पुग्न सकेको छैन ।

### (ग) सडक

- हालसम्म देशका ७५ जिल्लाहरु मध्ये ६९ जिल्लाहरुमा मात्र मोटरबाटो पुगेको छ । बाँकी ६ जिल्लाहरुमा अझै सडक पुग्न सकेको छैन । सडक विभागबाट बनेका पीच, ग्राभेल तथा मौसमी सडक गरेर कुल सडकको लम्बाई हालसम्म १७,९८२ किलोमिटर रहेको देखिन्छ । पीच भएको सडक भने केवल ५,५०२ किलोमीटर (कुल सडकको ३० प्रतिशत) मात्र रहेको छ । अरु देशहरुको सडक संजालसंग तुलना गर्दा, हाम्रो सडक सन्जालको विकास ज्यादैनै न्यून रहेको छ । विगतमा योजनाबद्ध सडक निर्माण गर्ने परिपाटीको कमीले गर्दा मुलुकको आर्थिक विकासलाई मात्र नभएर वातावरणमा समेत नकारात्मक असर पर्ने गरेको छ ।

## ५. पर्यटन

- तराईदेखि उच्च हिमालसम्म जैविक, सांस्कृतिक र धार्मिक विविधता रहेको मात्र नभएर मनोरम प्राकृतिक दृश्यले भरिपूर्ण नेपालले पर्यटनलाई आर्थिक विकासको लागि एक अभिन्न अंगको रुपमा विकास गर्दै लानु पर्दथ्यो । तर विगतका सरकारले विदेशी पर्यटकहरुलाई आकर्षित गर्ने नीति तथा कार्यक्रमका प्याकेज ल्याउनुको सट्टा यस व्यवसायलाई वेवास्ता गरियो । फलस्वरुप अर्बौं राजश्व संकलन हुने र नेपाललाई विश्वसामु परिचित गराउने मौकाबाट यो मुलुक सधै चुक्यो ।

## ६. उपेक्षित क्षेत्रको स्थिति

- कर्णाली क्षेत्र लगायत अन्य उच्च पहाड र तराईका केही जिल्लाहरु आर्थिक सामाजिक भौगोलिक कारणहरुले गर्दा र विगतका विकास कार्यक्रमहरुले खासै नसमेटेको हुँदा आर्थिक सामाजिक स्थिति ज्यादै दयनीय रहेको छ । गरिबीको सूचक तथा मानव विकास सूचकाङ्कको आधारमा हेर्दा उच्च पहाडी क्षेत्र अन्य क्षेत्र भन्दा तल रहेको देखिन्छ ।

**तालिका ६: गरिबी र मानव विकास सूचकाङ्क**

| क्षेत्र | निरपेक्षको गरिबीको रेखामुनी रहेको जनसंख्या (%) | मानव विकास सूचकाङ्क |
|---|---|---|
| उच्च पहाड | ४२.५ | ०.३८६ |
| पहाड | ३३.६ | ०.५१२ |
| तराई | २९.५ | ०.४७८ |
| नेपाल | ३३.५ | ०.४७१ |

*श्रोत : Small Area Estimation of Poverty, Calorie Intake and Malnutrition in Nepal CBS/World Bank/WFP, 200, Nepal Human Development Report, UNDP, 2004.*

- तराई क्षेत्रमा निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसंख्याको प्रतिशत पहाडी क्षेत्रको भन्दा कम भए पनि मानव विकास सूचकाङ्कमा भने तल रहेको छ । यसरी विगतमा राज्य संयन्त्र समावेशी हुन नसकेको कारणले देशका विभिन्न जातजाति, वर्ग, लिङ्ग एवं क्षेत्रहरु (हिमाल, पहाड, मधेश आदि) ले आफु केन्द्रिय राज्य सत्तावाट सिमान्तकृत भएको महसुस गरेको अवस्था रहयो । यसैले कर्णाली लगायतका यस्ता क्षेत्र एवं उत्पिडित जातजाति र वर्ग/लिङ्गहरुलाई विशेष ध्यान दिई समावेशी कार्यक्रम ल्याइनु जरुरी भएकोछ ।

## ७. सार्वजनिक संस्थान र आपूर्ति स्थिति

- सरकारको स्वामित्वमा रहेका ३६ वटा सार्वजनिक संस्थानहरुको आर्थिक स्थिति विश्लेषण गर्दा अझै पनि १४ वटा संस्थाहरु घाटामा रहेको देखिन्छ । केही संस्थानहरुको आर्थिक स्थिति राम्रो हुँदै गएको स्थिति छ । विगतमा सार्वजनिक संस्थानहरुलाई सुधार गर्ने भन्दा पनि हचुवाका आधारमा निजीकरण गरिएकाले त्यसबाट न त राज्यले नै उचित प्रतिफल पाउन सक्यो न त जनताको हित हुन सक्यो । सार्वजनिक संस्थानको व्यवस्थापनपक्ष दक्ष र सुदृढ बनाउँदै लगी देशलाई स्वनिर्भर बनाउने किसिमका उत्पादन तथा सेवा मुलक संस्थानहरुलाई पुनरोत्थान गर्ने तर्फ प्रयास गर्नु आवश्यक देखिएको छ ।

- पेट्रोलियम पदार्थको बढ्दो उपयोगको क्रम, आपूर्ति व्यवस्थापनमा रहेको कमी कमजोरी र अन्तराष्ट्रिय मूल्यमा भएको वृद्धिले आपूर्ति स्थिति असहज हुन गएको छ । पेट्रोलियम पदार्थको आपूर्ति सुनिश्चित गर्न मूल्यमा आवधिक समायोजन, आपूर्तिको एकाधिकारमा पूनरावलोकन, बजार व्यवस्थापनमा चुस्तता जस्ता पक्षहरुमा ध्यान पुग्न सकेको देखिदैन ।

- खाद्यान्न उत्पादनमा आत्मनिर्भरता घटीरहेको र खासगरी पहाडी र हिमाली ३० जिल्लामा खाद्यान्न अभाव हुने गरेको छ । ढुवानीमा ठूलो धनराशी खर्च गरेर ति जिल्लाहरुमा खाद्यान्न आपूर्तिको व्यवस्था गरिए पनि जनताका आवश्यकता सम्बोधित हुन सकेको छैन ।

## ८. वित्तीय क्षेत्र सुधार

- विगत ६ वर्ष देखि वित्तीय क्षेत्र सुधार कार्यक्रमको नाममा ठूलो धनराशी खर्च गरियो तापनि मुलुकमा दुई ठूला सरकारी बाणिज्य बैकहरुको कार्यसंचालनमा आशातित सुधार आउन सकेको स्थिति छैन । यि दुई बैङ्कहरुको सुधार प्रक्रियालाई उचित ढंगले अघि बढाउनु पर्ने अवस्था रहेको छ ।

## ९. सुशासन

- विगतमा राज्यको शासनको स्वरुप जनताको अपेक्षा अनुरुप पारदर्शी, सहभागी, विश्वसनीय, जवाफदेहीयुक्त, सदाचारी नभएका कारणले गर्दा शुसासनको स्थिति कमजोर थियो । फजुल खर्च, भ्रष्टाचार, बेरुजु, बक्यौता, ठूला करदाताले कर नतिर्ने तथा ठूला ऋृणीहरुले ऋृण नतिर्ने प्रवृत्तिले गर्दा विकासको गति ज्यादैनै न्यून रहन गयो । महालेखा परीक्षकको २०६४ को प्रतिवेदन अनुसार आर्थिक वर्ष २०६२/६३ सम्म फछ्र्यौट गर्न बाँकी बेरुजु (पेश्की समेत) कुल रु.२६ अर्ब ४१ करोड ५७ लाख ८८ हजार देखिएको छ । शुसासनको अभावले गर्दा जनताले सार्वजनिक सेवाको अनुभूति गर्न नपाएका हुँदा राज्य प्रतिनै सकारात्मक सोच बन्न नसकेको अवस्था छ ।

## भावी दृष्टिकोण

- राज्यले निर्वाह गर्नु पर्ने दायित्वमा उदासिनता आउँदा असन्तुष्टि स्वरुप जनताले विद्रोह र जन आन्दोलनको माध्यमवाट सत्ता सम्म परिवर्तन गरेका छन् । त्यसैको फलस्वरुप देशमा संघिय लोकतान्त्रिक गणतन्त्रको प्रादुर्भाव भएको छ । नयाँ नेपालको अपेक्षा सहित जनताले सरकारलाई अगाध विश्वास दिएका छन् । लामो विसंगतिको श्रृंखला र त्यसलाई सच्याउन भएको द्वन्द्व पश्चात आर्थिक सामाजिक परिवेशमा जनतामा स्वभिविक रुपले उर्लदो आकांक्षा एउटै बजेटको व्यवस्थाले पुरा गर्न सक्तछ भन्नु अपरिपक्व ठहर्ला । तर मुलुकमा विद्यमान आर्थिक सामाजिक विसंगति हटाउँदै जाने अठोट सँगै नयाँ दिशा सहितको बजेट ल्याउने तयारी गर्दैछु जस्को झल्को सरकारको निति तथा कार्यक्रम द्धारा सार्वजनिक भैसकेको छ ।

- बजेट तयारीको क्रममा समाजका विभिन्न तह र तप्का, पेशा र व्यवसायका व्यक्तिहरु, राजनैतिक दलका प्रतिनिधिहरु सँग अन्तर्क्रिया गरी व्यक्त भावना समेट्ने जमर्को गरेको छु । यस क्रममा विभिन्न क्षेत्रवाट मैले पाएको सहयोग र सद्भावले आर्थिक क्षेत्रका विंसगतिको क्रमभंग सहितको अग्रगामी कदमका माध्यमवाट समस्त नेपाली दिदीबहिनी तथा दाजुभाइको नयाँ नेपाल निर्माण गर्ने आकांक्षा सहित मुहार उजिल्याउने मेरो प्रयास अघि बढाउन प्रेरणा मिलेको छ ।

- हाल सम्म देखिएका समस्या र विसंगतिहरु निकासका लागि निकट भविष्यमा नीति र अनुशरण गरिने आर्थिक प्रारुप अन्तर्गत देशको विकास अभियानलाई प्रारम्भिक तह (पहिलो दुई वर्ष), मध्यम अवधि विकास तह (पाँच वर्ष) र छलाङमार्ने आर्थिक वृद्धि तह (दश वर्ष) गरि तीन चरणमा विभाजन गरिएको छ । पहिलो चरणमा अध्ययन तथा नीति तर्जुमा गरी कृषिको व्यवशायिकरण तथा विविधिकरण, स्वदेशी उद्योग धन्दाको प्रवर्द्धन, विशेष आर्थिक क्षेत्रको निर्माण कार्य शुरु गरिनेछ ।

- विकासमा ग्रामीण क्षेत्रको जनताको प्रत्यक्ष सहभागिताको लागि सहकारीको व्यापक प्रवर्द्धन तथा विकास गरिनेछ। विभिन्न कार्यवाट यस वर्ष ७ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान गरिएको छ। दोस्रो चरणमा दुई अंकको आर्थिक वृद्धि हुने अपेक्षा गरिएको छ भने तेस्रो चरणमा छलाङ मार्ने तहको वृद्धि हुनेछ। सो वाट गरिबी र वेरोजगारी हटाउन मद्दत मिल्ने विश्वास लिइएको छ।

अनुसूची - १

## विकासको प्रारुप

- अध्ययन तथा नीति तर्जुमा
- कृषिको व्यवसायिकरण तथा विविधीकरण
- स्वदेशी उद्योग धन्दाको प्रवर्द्धन
- विशेष आर्थिक क्षेत्र (वि.आ.क्षे.) निर्माण कार्य शुरु
- सहकारीको प्रवर्द्धन तथा विकास

**योजना तथा प्रारम्भिक तह (२०६५/६६-२०६७/६८)**

- हालको वृद्धिदरमा २.० प्रतिशत विन्दुले वृद्धि
- विशेष आर्थिक क्षेत्रमा संयुक्त विदेशी लगानी आकर्षित गर्ने रणनीति
- वैदेशिक सम्बन्ध प्रवर्द्धन तथा सुदृढीकरण

↓

- वि.आ.क्षे. निर्माण सम्पन्न
- कृषिको पूर्ण व्यवसायिकरण
- पर्यटन उद्योगको विस्तार
- सूचना प्रविधि क्षेत्रको विस्तार
- सहकारी क्षेत्रको व्यापक विकास (कृषि, व्यापार प्रशोधन उद्योग, सेवा उद्योग)

**मध्यम अवधि विकास तह (२०६७/६८-२०७२/७३)**

- दुई अंकको आर्थिक वृद्धि
- वि.आ.क्षे. मा लगानी शुरु
- निर्यात वृद्धि
- विदेशी मुद्रा आर्जनमा वृद्धि रोजगारी वृद्धि
- विदेशी सहयोग माथिको निर्भरतामा कमी

↓

- पूर्वाधारको पूर्ण विकास
- स्वदेशी उद्योग धन्दाको उच्च विकास
- क्षेत्रीय संगठनमा नेपालको सकृय सहभागिता
- विश्व बजारमा नेपालको सक्रिय सहभागिता

**छलाङ मार्ने आर्थिक वृद्धि (२०७२/७३-२०८२/८३)**

- वि.आ.क्षे. मा उच्च लगानी
- सूचना प्रविधिको उच्च तहको विकास
- उच्च निर्यात
- उच्च वृद्धिको निरन्तरता

अनुसूची - २

## आर्थिक गतिविधिका प्रमुख परिसूचकहरू

| आर्थिक गतिविधिको विवरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ [१] |
| **१. समष्टिगत आर्थिक परिसूचकहरु** | | | | | | | |
| **१.१ आर्थिक वृद्धिदर (%)** | ०.२ | ३.८ | ४.४ | २.९ | ४.१ | २.६ | ५.६ |
| कृषि | ३.० | ३.३ | ४.७ | ३.४ | १.७ | ०.९ | ५.७ |
| गैर-कृषि | -१.० | ३.५ | ५.४ | २.७ | ६.० | ४.१ | ५.६ |
| **१.२ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत अंश (%)** | | | | | | | |
| कृषि **क्षेत्र** | ३६.९२ | ३६.०३ | ३५.४५ | ३४.७१ | ३३.०९ | ३२.०७ | ३२.१२ |
| गैर-कृषि **क्षेत्र** | ६३.८५ | ६३.०८ | ६३.९७ | ६४.५५ | ६५.२९ | ६६.९१ | ६७.९३ |
| **१.३ प्रचलित मूल्यमा प्रतिब्यक्ति राष्ट्रिय आय (रु.)** | १९३८५ | २०३१२ | २१६२६ | २३३६५ | २५४८१ | २७७७२ | ३०७३८ |
| १.४उपभोक्ता मूल्य सूचकाङ्क | २.९ | ४.८ | ४.० | ४.५ | ८.० | ६.४ | ७.७ |
| **२. उपभोग, बचत तथा लगानी** | | | | | | | |
| **कुलगार्हस्थ्यउत्पादन (उत्पादकको प्रचलित मूल्य) संगको अनुपात (%)** | | | | | | | |
| कुल गार्हस्थ्य बचत | ९.५ | ८.६ | ११.८ | ११.६ | ९.० | ९.७ | ११.५ |
| कुल राष्ट्रिय बचत | २४.२ | २३.८ | २७.३ | २८.४ | २९.० | २८.५ | ३२.० |
| कुल स्थिर पुंजी लगानी | १९.६ | १९.९ | २०.३ | १९.९ | २०.७ | २०.४ | २१.१ |
| कुल लगानी | २०.२ | २१.४ | २४.५ | २६.५ | २६.८ | २८.० | ३२.० |
| कुल उपभोग | ९०.५ | ९१.४ | ८८.३ | ८८.४ | ९१.० | ९०.३ | ८८.५ |
| **३. सरकारी बित्त स्थिति** | | | | | | | |
| **३.१ खर्च** | ८००७.२२ | ८४००.६१ | ८९४४.२६ | १०२५६.०४ | ११०८८.९२ | १३,३६०.४६ | १६३००.०० |
| चालू खर्च | ४८८६.३९ | ५२०९.०५ | ५५५५.२१ | ६१६८.६४ | ६७०१.७८ | ७७१२.२४ | ९२००.०० |
| पुंजीगत खर्च | २४७७.३४ | २२३५.६१ | २३०९.५६ | २७३४.०७ | २९६०.६६ | ३९७२.९९ | ५५००.०० |
| साँवा भुक्तानी खर्च | ६४३.४९ | ९५५.९५ | १०७९.४९ | १३५३.३३ | १४२६.४८ | १६७५.२३ | १६००.०० |
| **३.२ आय** | ५७१३.१६ | ६७५६.८९ | ७३६१.४४ | ८४५१.३९ | ८६१०.९६ | १०३५१.३ | १३०००.०० |
| राजस्व | ५०४४.५५ | ५६२२.९८ | ६२३३.१० | ७०१२.२७ | ७२२८.२१ | ८७७१.२१ | १०७००.०० |
| बैदेशिक अनुदान | ६६८.६१ | ११३३.९१ | ११२८.३४ | १४३९.१२ | १३८२.७५ | १५८०.०८ | २३००.०० |
| **३.३ बचत (+)/न्यून (–)** | -२२९४.०६ | -१६४३.७२ | -१५८२.८२ | -१८०४.६५ | -२४७७.९६ | -३००९.१७ | ३३००.०० |
| **३.४ न्यून ब्यहोरिने स्रोतहरु** | | | | | | | |
| बैदेशिक ऋण | ७६९.८७ | ४५४.६४ | ७६२.९० | ९२६.६१ | ८२१.४३ | १००५.३५ | ११००.०० |
| आन्तरिक ऋण | ८००.०० | ८८८.०० | ५६०.७८ | ८९३.८१ | ११८३.४२ | १७८९.२३ | २०००.०० |
| **३.५ मौज्दात परिवर्तन (–) बचत** | ७२४.१९ | ३०१.०८ | २५९.१४ | -१५.७७ | ४७३.११ | २१४.५९ | ५२२६.०० |
| **कुलगार्हस्थ्यउत्पादन (उत्पादकको प्रचलित मूल्य) संगको अनुपात (%)** | | | | | | | |
| कुल सरकारी खर्च | १७.४ | १७.१ | १६.७ | १७.४ | १७.० | १८.४ | १९.९ |
| चालू खर्च | १०.६ | १०.६ | १०.३ | १०.५ | १०.२ | १०.६ | ११.२ |
| पुंजीगत खर्च | ५.४ | ४.५ | ४.३ | ४.६ | ४.५ | ५.५ | ६.७ |
| साँवा भुक्तानी खर्च | १.४ | १.९ | २.० | २.३ | २.२ | २.३ | १.९ |
| ऋण सेवा (साँवा र व्याज भुक्तानी) | २.७ | ३.३ | ३.२ | ३.४ | ३.१ | ३.२ | २.६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कुल राजस्व | ११.० | ११.४ | ११.६ | ११.९ | ११.१ | १२.१ | १५.८ |
| बजेट घाटा | ५.० | ३.३ | २.९ | ३.१ | ३.८ | ४.१ | ४.० |
| प्राप्त वैदेशिक ऋण | १.७ | ०.९ | १.४ | १.६ | ०.६ | १.६ | १.३ |
| प्राप्त वैदेशिक ऋण र अनुदान | ३.१ | ३.२ | ३.५ | ४.० | २.७ | ३.८ | ४.० |
| कुल तिर्न बाँकी आन्तरिक ऋण | १५.१ | १६.४ | १५.२ | १४.१ | १४.५ | १४.३ | १३.१ |
| कुल तिर्न बाँकी वैदेशिक ऋण | ४७.९ | ४५.४ | ४३.४ | ३७.३ | ३५.८ | २९.८ | २६.३ |
| कुल तिर्न बाँकी ऋण | ६३.० | ६१.८ | ५८.५ | ५१.३ | ५०.३ | ४४.१ | ३९.४ |
| कुल (वस्तु) निर्यात | १०.२ | १०.१ | १०.० | १०.० | ९.२ | ८.४ | ७.३ |
| कुल (वस्तु) आयात | २३.४ | २५.३ | २५.४ | २५.४ | २६.६ | २६.४ | २७.३ |
| व्यापार घाटा | -१३.२ | -१५.१ | -१५.३ | -१५.४ | -१७.४ | -१८.० | -२२.६ |
| पर्यटन आय | १.९ | २.४ | ३.४ | १.८ | १.५ | १.४ | २.२ |
| विप्रेषण आय | १०.३ | ११.० | १०.९ | ११.१ | १४.९ | १३.८ | १६.५ |
| चालू खाता | ४.० | २.४ | २.७ | २.० | २.२ | ०.५ | ०.२ |
| **बार्षिक बृद्धिदर(%)** | | | | | | | |
| कुल सरकारी राजस्व | ३.२ | ११.५ | १०.९ | १२.५ | ३.१ | २१.३ | २२.० |
| चालू खर्च | ६.६ | ६.६ | ६.६ | ११.० | ८.६ | १५.१ | १९.३ |
| पुँजीगत खर्च | -१२.५ | -९.८ | ३.३ | १८.४ | ८.३ | ३४.२ | ३८.४ |
| साँवा भुक्तानी खर्च | १३.१ | ४८.६ | १२.९ | २५.४ | ५.४ | १७.४ | -४.५ |
| कुल सरकारी खर्च | ०.३ | ४.९ | ६.५ | १४.७ | ८.१ | २०.५ | २२.० |
| ऋण सेवा (साँवा र व्याज भुक्तानी) | १७.५ | ३२.६ | ७.१ | १३.९ | ३.४ | १२.२ | -५.२ |
| कुल जनसंख्या | २.३७ | २.४२ | २.४७ | २.५३ | २.५९ | २.६४ | २.७० |
| **४. बाह्य व्यापार तथा भुक्तानी स्थिति (रु. करोडमा)** | | | | | | | |
| कुल निर्यात | ४६९४.४८ | ४९९३.०६ | ५३९१.०७ | ५८७०.५७ | ६०२३.४१ | ५९३८.३१ | ६०७८.७५ |
| कुल आयात | १०७३८.९० | १२४३५.२१ | १३६२७.७१ | १४९४७.३६ | १७३७८.०३ | १९४६९.४६ | २२६१.६० |
| व्यापार सन्तुलन | -६०४४.४२ | -७४४२.१५ | -८२३६.६४ | -९०७६.७९ | -११३५४.६२ | -१३५३१.१५ | -१६५३२.८५ |
| चालू खाता | १८१६.११ | ११६१.४७ | १४५९.८० | ११५४.४६ | १४२२.४५ | -९०.२२ | २१६५.८९ |
| निजी क्षेत्रको विप्रेषण | ४७५३.६३ | ५४२०.३३ | ५८५८.७६ | ६५५४.१२ | ९७६८.८५ | १००१४.४८ | १४२६८.२७ |
| शोधनान्तर वचत | -३३४.२९ | ४३६.३५ | १६००.५२ | ५७४.२१ | २५५९.७८ | -५९०.४३ | -२९६६.७६ |
| विदेशी विनिमय संचिति | १०५९० | १०८२३ | १३०२०.५ | १२९८९.६ | १६५०३.३ | १६५१२.५० | २१२६२.३५ |
| विदेशी विनिमय दर (यू. एस. डलर) | ७८.३ | ७५.० | ७४.४ | ७०.६ | ७२.३२ | ७०.४९ | ६५.०२ |
| **बार्षिक बृद्धिदर(%)** | | | | | | | |
| कुल निर्यात | -१५.६ | ६.४ | ८.० | ८.९ | २.६ | -१.४ | २.४ |
| कुल आयात | -७.२ | १५.८ | ९.६ | ९.७ | १६.३ | १२.० | १६.१ |
| पर्यटन आय | -२६.१ | ३५.७ | ५४.५ | -४३.३ | ८.७ | ६.० | ८०.० |
| विप्रेषण आय | ०.७ | १४.० | ८.१ | ११.९ | ४९.० | २.५ | ३५.० |
| चालू खाता | १८१६ | ११६२ | १४५९.८ | ११५४.५ | १४२२.५ | ३४९.० | १७५.५ |
| **५. मुद्रा तथा बैंकिङ्ग स्थिति** | | | | | | | |
| **५.१ मुद्रा** | | | | | | | |
| संकुचित मुद्रा प्रदाय (एम$_{१}$) | ९.३ | ८.६ | १२.२ | ६.६ | १४.२ | १२.२ | ११.३ |
| विस्तृत मुद्रा प्रदाय (एम$_{२}$) | ४.४ | ९.८ | १२.८ | ८.३ | १५.६ | १४.० | १३.४ |

| ५.२ बैंकिङ्ग (रु. करोडमा) बार्षिक परिवर्तन | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खुद बैदेशिक सम्पत्ति @ | ९१४०.७ | १०८८०.५ | १०७७४.२ | १३९४३.९ | १३९४३.९ | १३१९०.९ | १७१४५.५ |
| खुद आन्तरिक सम्पत्ति @ | १५४५०.४ | १६८५०.१ | १९२६९.८ | २०७९८.३ | २०७३८.५ | २६३६०.९ | ३२३९२.२ |
| कुल आन्तरिक कर्जा | २२४०७.७३ | २४६१७.१८ | २८०२४.०४ | ३०२०६.९९ | ३२२६८.३८ | ३६०५५.८ | ४३६९८.९ |
| निजी क्षेत्रलाई गएको कर्जा | १५०९५.७ | १७२५१.७ | १९७०१.७ | २१४३२.१ | २४३५७.० | २७३४७.७ | ३३९८३.४ |
| बैकिङ्ग क्षेत्रको कुल कर्जामा निजी क्षेत्रतर्फको कर्जाको अंश | ६५.७ | ६७.४ | ७०.१ | ७०.३ | ७५.५ | ७६.९ | ७८.४ |
| **६ मूल्य वृद्धि विन्दुगत आधारमा वार्षिक मूल्य वृद्धिदर (%)** | | | | | | | |
| समग्र | ३.९ | ४.९ | ४.० | ४.५ | ८.० | ६.४ | ७.७ |
| खाद्य तथा पेय पदार्थ | ३.७ | ४.४ | ३.३ | ४.० | ७.८ | ७.२ | १०.१ |
| गैर खाद्य बस्तु तथा सेवा | २.१ | ५.० | ४.७ | ५.१ | ८.१ | ५.५ | ५.१ |

२: विनिमय नाफा/नोक्सान समायोजन गरिएको

## ७. आय तथा गरिबी सम्बन्धी परिसूचकहरु

| | | |
|---|---|---|
| प्रचलित मूल्यमा प्रतिब्यक्ति राष्ट्रिय आय (रु.) | | ३०,७३८ |
| प्रचलित मूल्यमा प्रतिब्यक्ति राष्ट्रिय आय (यु.एस. डलर) | | ४७६ |
| | **२०५२।५३** | **२०६०।६१** |
| निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या (%) | ४१.७६ | ३०.८५ |
| शहरी क्षेत्र | २१.५५ | ९.५५ |
| ग्रामीण क्षेत्र | ४३.२७ | ३४.६२ |
| **Gini Coefficient** | ०.३४ | ०.४१ |

## ८. पर्यटन क्षेत्र

| | |
|---|---|
| पर्यटन आगमन संख्या (हजारमा) | ५२६ |
| पर्यटक बसाइ अवधि (दिनमा) | १०.०२ |
| प्रति पर्यटक प्रति दिन खर्च (अमेरिकी डलरमा) (२०६२/६३) | ५८.५ |
| प्रत्यक्ष रोजगारी : (हजारमा) | ८३ |
| पर्यटन आय (रु. अर्ब) | १७.१२ (प्रथम ११ महिना) |
| पर्यटन आय/जि.डि.पि. अनुपात (%) | २.२ |

## ९. भौतिक पूर्वाधार परिसूचकहरु

### सडक

| | |
|---|---|
| सडक सुविधा पुगेको जिल्ला सदरमुकामको संख्या | ७० |
| सडक सुविधा कि.मि. | १७९८२ |
| ग्रामीण सडक निर्माण (कि.मि.) | ७४७२ |
| झोलुङ्गे पुल निर्माण (संख्या) | ४०४० |

### संचार

| | |
|---|---|
| टेलिफोन लाइन वितरण संख्या | ५,७०,००० |
| मोवाइल फोनको ग्राहक संख्या | ३०,७०,८९४ |

## अनुसूची - ३

### प्रमुख खाद्यान्न उत्पादन

उत्पादन : ००० मे.ट.
उत्पादकत्व : मे.टन/हेक्टर

| धानवाली | इकाई | वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०३४/३५ | २०४४/४५ | २०५४/५५ | २०६४/६५ |
| १. धान | उत्पादन | २२८२ | २९९९ | ३६४१ | ४२९९ |
| | उत्पादकत्व | १.८१ | २.०९ | २.४२ | २.७७ |
| २. मकै | उत्पादन | ७४० | १००३ | १३६७ | १८७७ |
| | उत्पादकत्व | १.६६ | १.३४ | १.७१ | २.१६ |
| ३. गहुँ | उत्पादन | ४११ | ७४० | १००१ | १५७२ |
| | उत्पादकत्व | १.१२ | १.२५ | १.५५ | २.२२ |
| ४. कोदो | उत्पादन | १३० | १८१ | २८५ | २९१ |
| | उत्पादकत्व | १.०७ | ०.९२ | १.०९ | १.०९ |
| **नगदेवाली** | | | | | |
| १. उखु | उत्पादन | ३८७ | ८१६ | १७१८ | २४८५ |
| | उत्पादकत्व | १६.९३ | २७.५२ | ३५.१३ | ३९.४७ |
| २. तेलहन | उत्पादन | ७८ | ९५ | १०९ | १३४ |
| | उत्पादकत्व | ०.५९ | ०.६२ | ०.६१ | ०.७४ |
| ३. सूर्ती | उत्पादन | ६ | ४ | ६०. | २.६१ |
| | उत्पादकत्व | ०.७६ | ०.६९ | ०.८० | ०.९७ |
| ४. आलु | उत्पादन | २७२ | ५८२ | ९३५ | २०५५ |
| | उत्पादकत्व | ५.३७ | ७.०६ | ८.३९ | १३.११ |
| ५. जुट | उत्पादन | ५६ | १५ | १५.१ | १६९८ |
| | उत्पादकत्व | १.४ | १.०७ | १.३३ | १.४६ |
| **अन्य** | | | | | |
| दालहन | | - | १३९.९० | २१५.०० | २६९.७० |
| फलफूल | | - | ३९७.५० | ४२५.६० | ६०६.३४ |
| तरकारी | | - | ८७४.५२ | १४१२.२० | २५५३.०० |

अनुसूची - ४

## औद्योगिक उत्पादन सूचकाङ्क

(आधार वर्ष २०५७/५८= १००)

| क्रमांक | *प्रमुख औद्योगिक समूह* | भार* प्रतिशत | आर्थिक वर्ष सूचाङ्क २०६२/६३ | सूचाङ्क २०६३/६४ | सूचाङ्क २०६४/६५** | प्रतिशत २०६३/६४ | प्रतिशत २०६४/६५ |
|---|---|---|---|---|---|---|---|
| | **कुल सूचकाङ्क** | **१००.००** | **१०४.७४** | **१०७.४३** | **१०५.९५** | **२.६** | **-१.४** |
| १. | **तेल, बनस्पति घ्यू आदिको उत्पादन** | **१५.७८** | **१०८.७३** | **१०८.४२** | **९४.२२** | **-०.३** | **-१३.१** |
| | वनस्पति घ्यू | १०.०८ | १११.९४ | १०४.७० | ८४.१५ | -६.५ | -१९.६ |
| | तोरीको तेल | १.९५ | ९३.०४ | १०३.९६ | १००.८४ | ११.७ | -३.० |
| | भटमासको तेल | ३.७४ | १०८.५७ | १२१.०६ | ११८.१६ | ११.५ | -२.४ |
| २. | **दुग्ध पदार्थको उत्पादन** | **२.७७** | **१०५.०४** | **१०७.४१** | **१०८.५१** | **२.३** | **१.०** |
| | प्रशोधित दूध | २.७७ | १०५.०४ | १०७.४१ | १०८.५१ | २.३ | १.० |
| ३. | **अन्न तथा पशुदाना** | **८.१६** | **१०६.४६** | **११४.९९** | **११८.२०** | **८.०** | **२.८** |
| | चामल | ४.३३ | १०४.८३ | १११.७५ | ११५.९९ | ६.६ | ३.८ |
| | गहुँको पिठो | २.१९ | १०८.४४ | १११.४९ | ११३.१८ | २.८ | १.५ |
| | पशुदाना | १.६३ | १०८.७७ | १२९.०० | १३१.५५ | १८.६ | २.० |
| ४. | **अन्य खाद्य पदार्थ** | **७.९३** | **११०.२१** | **११८.१७** | **१२५.२९** | **७.२** | **६.०** |
| | विस्कुट | १.०४ | ११२.२५ | ११६.४७ | १२३.३९ | ३.८ | ५.९ |
| | चिनी | २.९२ | १०६.२१ | ११८.२६ | १२४.१० | ११.३ | ४.९ |
| | चाउचाउ | २.७२ | ११२.४३ | ११७.७५ | १२३.९० | ४.७ | ५.२ |
| | प्रशोधित चिया | १.२५ | ११३.०४ | १२०.२७ | १३२.७१ | ६.४ | १०.३ |
| ५. | **पेय पदार्थ** | **६.५९** | **१०६.९१** | **११८.६२** | **११९.६०** | **११.०** | **०.८** |
| | मदिरा | २.३९ | १०५.१८ | ११७.२१ | १०९.२८ | ११.४ | -६.८ |
| | वियर | २.९२ | १०८.१८ | १२२.०४ | १२८.४७ | १२.८ | ५.३ |
| | हल्का पेय पदार्थ | १.२८ | १०७.२३ | ११३.४३ | ११८.६३ | ५.८ | ४.६ |
| ६. | **सुर्तीजन्य वस्तु** | **६.५३** | **९९.६८** | **१०२.७३** | **१०५.५०** | **३.१** | **२.७** |
| | चुरोट | ६.५३ | ९९.६८ | १०२.७३ | १०५.५० | ३.१ | २.७ |
| ७. | **लत्ता कपडा** | **५.२** | **१११.८२** | **१२१.०५** | **१२०.०४** | **८.३** | **-०.८** |
| | धागो | ३.१८ | ११८.०८ | १३०.८५ | १२९.७२ | १०.८ | -०.९ |
| | सुती कपडा | १.२७ | १०३.४० | १०७.६० | १०५.८२ | ४.१ | -१.६ |
| | सिन्थेटिक कपडा | ०.७५ | ९९.५५ | १०२.३० | १०३.०९ | २.८ | ०.८ |
| ८. | **अन्य लत्ता कपडा** | **६.५९** | **१०८.७४** | **१०१.९०** | **१००.६२** | **-६.३** | **-१.३** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ऊनी गलैचा | ४.३२ | १०६.८९ | ९६.६४ | ९१.५७ | -९.६ | -५.२ |
| | जुटका सामान | २.२७ | ११२.२५ | १११.९२ | ११७.८४ | -०.३ | ५.३ |
| ९. | **बुनेको कपडा** | **१.१८** | **९७.१३** | **८८.२१** | **९०.४६** | **-९.२** | **२.५** |
| | पश्मिना | १.१८ | ९७.१३ | ८८.२१ | ९०.४६ | -९.२ | २.५ |
| १०. | **लगाउने कपडा** | **७.१४** | **६८.१३** | **५९.४३** | **४९.७४** | **-१२.८** | **-१६.३** |
| | गार्मेन्ट | ७.१४ | ६८.१३ | ५९.४३ | ४९.७४ | -१२.८ | -१६.३ |
| ११. | **छाला र छालाका सामान** | **०.९२** | **११०.९९** | **१२१.०२** | **१२१.६४** | **९.०** | **०.५** |
| | प्रशोधित छाला | ०.९२ | ११०.९९ | १२१.०२ | १२१.६४ | ९.० | ०.५ |
| १२. | **काठ तथा काठका सामान** | **०.९५** | **९८.९९** | **१०१.८६** | **१०३.३०** | **२.९** | **१.४** |
| | चिरेको काठ | ०.९५ | ९८.९९ | १०१.८६ | १०३.३० | २.९ | १.४ |
| १३. | **कागज र कागजका उत्पादन** | **१.४२** | **१०५.८८** | **११०.६०** | **११०.९१** | **४.५** | **०.३** |
| | कागज (अखवारी कागज वाहेक) | १.४२ | १०५.८८ | ११०.६० | ११०.९१ | ४.५ | ०.३ |
| १४. | **प्रकाशन छापाखाना तथा रेकर्डिङ्ग** | **१.५८** | | | | | |
| | पत्रपत्रिका | १.५८ | **१०५.७४** | **१०६.१०** | **१०८.९५** | ०.३ | २.७ |
| १५. | **अन्य रासायनिक पदार्थ** | **१०.३४** | १०५.७४ | १०६.१० | १०८.९५ | ०.३ | २.७ |
| | औषधि | ७.०१ | **१११.६८** | **१२२.५२** | **१२४.९६** | **९.७** | **२.०** |
| | साबुन | ३.३३ | १०८.९० | १२०.२९ | १२३.०९ | १०.५ | २.३ |
| १६. | **प्लाष्टिकका सामान** | **४.७५** | ११७.५३ | १२७.२२ | १२८.९२ | ८.२ | १.३ |
| | प्लाष्टिकका सामान | ४.७५ | **१०३.३२** | **९६.१५** | **८७.९१** | **-६.९** | **-८.६** |
| १७. | **गैर-धातु खनिजजन्य उत्पादन** | **५.३४** | १०३.३२ | ९६.१५ | ८७.९१ | -६.९ | -८.६ |
| | ईट्टा टायल | २.४२ | **१०७.६८** | **१०४.०९** | **१०३.१७** | **-३.३** | **-०.९** |
| | सिमेण्ट | २.९२ | १०७.४६ | ९५.५८ | १०१.९५ | -११.१ | ६.७ |
| १८. | **फेव्रिकेटेट धातुका अन्य सामान** | **३.७** | १०७.८७ | १११.१४ | १०४.१८ | ३.० | -६.३ |
| | फलाम, रड तथा पत्ती | ३.७ | **१०९.८१** | **११८.४८** | **१३५.८८** | **७.९** | **१४.७** |
| १९. | **धातुका उपकरण** | **१.४५** | १०९.८१ | ११८.४८ | १३५.८८ | ७.९ | १४.७ |
| | घरेलु धातुका सामान | १.४५ | **१०१.६१** | **९९.५४** | **९५.०३** | **-२.०** | **-४.५** |
| २०. | **विजुलीका उपकरण** | **१.६८** | १०१.६१ | ९९.५४ | ९५.०३ | -२.० | -४.५ |
| | विजुलीको तार तथा केवल | १.६८ | **१०८.५६** | **१०८.५१** | **१०८.५३** | **०.०** | **०.०** |

* संशोधित अनुमान

** प्रारम्भिक संशोधित अनुमान

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## अनुसूची - ५

### नेपालको सिंचाइ योग्य जमीनको बांडफांड र सिंचाइको स्थिति (लाख हेक्टरमा)

| भेग | क्षेत्रफल **col 1** | कुल खेती योग्य जमीन **col 2** | सिंचाइ गर्न सकिने कुल खेती योग्य जमीन **col 3** | सिंचाइ गर्न नसकिने खेती योग्य जमीन **col 4 = col 2-col 3** | सिंचाइ गर्न सकिने तर खेती गर्न नसकिने जमीन **col 5** | कुल सिंचाइ योग्य जमीन **col 6 = col 3 + col 5** | सिंचाइ सुविधा भएको कृषि जमीन | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बर्षा याममा मात्र **col 7** | बर्षैभरि **col 8** |
| हिमाली | ५१.९ | २.२७ | ०.६० | १.६७ | ०.०१ | ०.६१ | ०.५५ | ०.४३ |
| पहाडि | ६१.५ | १०.५५ | ३.६८ | ६.८७ | ०.०५ | ३.७३ | २.७८ | १.६५ |
| तराई | ३४.१ | १३.५९ | १३.३८ | ०.२१ | ४.०६ | १७.४४ | ८.१७ | २.८० |
| जम्मा | १४७.५ | २६.४१ | १७.६६ | ८.७५ | ४.१२ | २१.७८ | ११.५० | ४.८८ |

*स्रोत : थापा, भेख ब. र प्रधान, भरत ब. सन् १९९५, जलस्रोत विकास: नेपाली दृष्किोण, कोनार्क प्रकाशन, काठमांडौ, नेपाल, तथा सिंचाइ डायरी (२०६३) ।*